# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## आर्थिक वर्ष २०८१/८२ को कार्तिकदेखि-पौषसम्म सम्पादित क्रियाकलापको विवरण

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

पोखरा

२०८१/११/०६

# विषयसूची

१. मन्त्रालयको स्वरुप र प्रकृति ........ १
२. मन्त्रालयको काम, कर्तव्य र अधिकार........ २
३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण........ ३
४. मन्त्रालयबाट प्रदान गरिने सेवा ........ ४
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी........ ५
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: ........ ६
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ ६
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी........ ७
९. आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका कामको विवरण ........ ७
१०. आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कामको विवरण........ ७
११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ........ ८
१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ ८
१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ ९
१३.१ प्रदेशको स्रोतको अवस्था ........ ९
१३.२ बार्षिक बजेट र खर्च विवरण........ १३
१४. तोकिए बमोजिमका अन्य विवरण ........ १३
१५. सार्वजनिक निकायको वेभसाइट........ १३
१६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामवाली ........ १४
१७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन........ १४
१८. मन्त्रालयले गरेको प्रकाशनको विवरण........ १४

## १. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कार्यान्वयन कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान र ऋणको विनियोजनलाई समुचित संयोजन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्य जिम्मेबारी रही आएको छ। साविकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको व्यवस्था रहि आएकोमा प्रदेश नीति तथा योजना आयोगको स्थापनासगै प्रदेश मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णय बमोजिम मन्त्रालयको नाम परिवर्तन भई अर्थ मन्त्रालय रहेकोमा मिति २०७९/०९/२७ को निर्णयानुसार आर्थिक मामिला मन्त्रलाय भएको हो। आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय व्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तरसरकारी वित्त हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

**क) दृष्टिकोण:**

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण ।

**ख) लक्ष्य :**

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

ग) **उद्देश्य**:

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि गर्नु ।

**घ) रणनीति :**

१. राजस्वका स्रोतहरूको पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,

२.आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने,

३.लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै रोजगारीका अवसर सिर्जना गर्ने,

४.उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय कायम गर्ने एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,

५.आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण उपयोग गर्ने।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ (संशोधन सहित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी देहायानुसार रहेका छन्ः

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
२. प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
७. संघीय नीति अनुरूप सहवित्तीयकरण,
८. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
९. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१०. प्रदेश सञ्चितकोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
११. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१२. प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१३. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१४. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१५. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,
१६. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१७. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
१८. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
१९. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२०. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

२१. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र सो सम्बन्धी अन्य कार्य।

२२. दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१. मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | | रा.प.प्रथम /एघारौं | १ | १ | ० | |
| २ | उप-सचिव | नेपाल प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | ० | |
| ३ | उप-सचिव | नेपाल प्रशासन | राजस्व | नवौं/दशौं | २ | १ | १ | |
| ४ | शाखा अधिकृत | नेपाल प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | ४ | २ | १ जना संघबाट काजमा |
| ५ | शाखा अधिकृत | नेपाल प्रशासन | राजस्व | सातौं/आठौं | २ | २ | ० | |
| ६ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | १ | ० | १ | |
| ७ | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | १ | १ | ० | |
| ८ | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा.त. | | सातौं/आठौं | १ | १ | ० | |
| ९ | कम्प्यूटर इन्जिनियर | नेपाल इन्जिनियरिङ | | सातौं/आठौं | १ | ० | १ | |
| १० | अर्थशास्त्री | नेपाल विविध | | सातौं/आठौं | १ | ० | १ | |
| ११ | सहायक/अधिकृत | नेपाल प्रशासन | सा.प्र. | पाँचौं / छैटौं | ४ | ४ | ० | |
| १२ | सहायक/अधिकृत | नेपाल प्रशासन | राजस्व | पाँचौं / छैटौं | २ | १ | १ | |
| १३ | कम्प्यूटर अधिकृत/अपरेटर | नेपाल विविध | | पाँचौं / छैटौं | २ | १ | १ | |
| १४ | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | चौंथो | १ | १ | ० | |
| १५ | सहायक | नेपाल प्रशासन | सा प्र | चौथो/पाँचौ | १ | १ | ० | |
| १६ | ह.स.चा. | नेपाल प्रशासन | | विहीन | ५ | ५ | ० | |
| १७ | का.स./स्वीपर/माली | नेपाल प्रशासन | | विहीन | ५ | ५ | ० | |
| जम्मा | | | | | ३७ | २९ | ८ | |

### ३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपाल प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | - | संघबाट काजमा |
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | ३ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | लेखापाल | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ४ | - | |
| ४ | कम्प्युटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | १ | १ | - | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौंथो | ४ | ३ | १ | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | २ | - | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | - | |
| | | | | **जम्मा** | २० | १८ | २ | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत १० वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। लेखा ईकाईको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको जिल्ला (कास्की)मा प्रदेश लेखा नियन्त्रक कार्यालयले र अन्य जिल्लाको हकमा लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ।

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मन्त्रालयमा निम्न महाशाखा र शाखाहरु रहेको छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

| **क्र.सं.** | **महाशाखा** | **प्रदान गरिने सेवा** |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | • प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन<br>• राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग<br>• प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | **प्रशासन तथा अनुगमन मुल्याङ्कन महाशाखा** | • सामान्य प्रशासन<br>• मन्त्रालयको आर्थिक प्रशासन<br>• प्रादेशिक योजना तथा अनुगमन<br>• माताहतका कार्यालयको अनुगमन मुल्यांकन गर्ने,<br>• प्रदेशका महत्वपुर्ण आयोजनाको अनुगमन र मुल्यांकन गर्ने |
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा** | • प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,<br>• प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र |

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| | | नियमन,<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन<br>• राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन<br>• प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,<br>• आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।<br>• प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं | महाशाखा /शाखा | कर्मचारीको नाम | पद | कैफियतत |
|---|---|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | डिल्लीराम रिज्याल | उपसचिव | |
| क. | बजेट तथा कार्यक्रम शाखा(क) | ज्ञान प्रसाद भुसाल | ब. प्रशासकीय अधिकृत (आठौं) | |
| | | सृजना खनाल | ब. प्रशासकीय अधिकृत (आठौं) | |
| | | कल्पना शर्मा | प्रशासकीय अधिकृत (सातौं) | |
| | | रामकृष्ण श्रेष्ठ | कम्प्युटर अधिकृत.(छैटौं) | |

| | | | | |
|---|---|---|---|---|
| ख | बजेट तथा कार्यक्रम शाखा(ख) | कल्पना देवी सापकोटा | ब.राजस्व अधिकृत (आठौं) | |
| | | चिन बहादुर रानाभाट | शाखा अधिकृत | कामकाज |
| | | रामकृष्ण श्रेष्ठ | कम्प्युटर अधिकृत.(छैटौ) | |
| २. | **प्रशासन तथा योजना महाशाखा** | डिल्लीराम रिज्याल | उपसचिव | |
| क | माननीय मन्त्रीज्यूको निजी सचिवालय | चिन बहादुर रानाभाट | शाखा अधिकृत | कामकाज |
| ख | सचिवज्यूको निजी सचिवालय | रामचन्द्र पौडेल | स. प्रशासकीय अधिकृत (छैटौं) | |
| ग | प्रशासन तथा योजना शाखा | सृजना खनाल | ब. प्रशासकीय अधिकृत (आठौं) | |
| | | दधिराज पौडेल | स. प्रशासकीय अधिकृत (छैटौं) | |
| | | सरस्वती सुवेदी | स. प्रशासकीय अधिकृत (छैटौं) | |
| घ | आर्थिक प्रशासन शाखा | रमेश बस्नेत | लेखा अधिकृत (छैटौं) | थप जिम्मेवारी |
| ङ | | आशिष शर्मा | लेखा सहायक (चौथो) | |
| च | कानुन तथा फैसला कार्यान्वयन शाखा | तेजेन्द्र प्रसाद ढकाल | कानुन अधिकृत | |
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा** | शिव प्रसाद ढुङ्गाना | उपसचिव | कामकाज मा |
| क | राजस्व व्यवस्थापन शाखा | कल्पना देवी सापकोटा | ब.राजस्व अधिकृत (आठौं) | |
| | | चुडा खत्री | राजस्व सहायक (पाँचौ) | |
| | | इन्द्र कुमारी जि.सी. | स. प्रशासकीय अधिकृत (छैटौं | |
| ख | अन्तर सरकारी वित्त हस्तान्तरण शाखा | बसन्तराज ढकाल | राजस्व अधिकृत (सातौ) | |
| ग | | सुजाता शर्मा | नायव सुब्बा | |
| घ | आर्थिक विश्लेषण शाखा | अनुप पौडेल | तथ्याङ्क अधिकृत (सातौ) | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा नि:शुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिवबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश सचिव राजेन्द्रदेव पाण्डे

## ९. आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका कामको विवरण

क) विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८० सम्प्रेषण गरिएको,

ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन,

ग) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को एकीकृत वित्तीय विवरण प्रकाशन गरिएको,

घ) आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मुल्याङ्कन कार्यक्रम अन्तर्गत वार्षिक कार्यक्रम सम्पन्न गरिएको,

ङ) अन्तर प्रदेश छलफल र अन्तरक्रियाका लागि भ्रमण कार्यक्रम अन्तर्गत ७ वटै प्रदेशमा अन्तर प्रदेश छलफल र अन्तरक्रिया सम्पन्न,

च) अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी आयोजना, राजश्व संकलन गर्ने कार्यालय र प्रदेशका महत्वपूर्ण आयोजना सम्बन्धमा वालिङ, लम्जुङ्ग, तनहुँ, गोरखा, बाग्लुङ्ग, पर्वत र स्याङ्गजा जिल्लाका आयोजनाहरुको अनुगमन गरिएको,

छ) आन्तरिक लेखापरीक्षण निर्देशिका, २०८० तयार,

ज) मालपोत/भूमिसुधार कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्वन्धी मापदण्ड,२०८० स्वीकृत भई कार्यान्वयनमा आएको,

झ) राजश्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान, क्षेत्र विस्तार एवं सार्वजनिक वित्त र वित्तीय संघीयताका विषयमा वालिङ्ग, बाग्लुङ र गैडाकोट नगरपालिकासँग छलफल अन्तरकृया र अभिमुखीकरण सम्पन्न गरिएको,

ञ) प्रदेश सरकारको आन्तरिक राजश्व संकलन सम्बन्धमा स्थानीय तह, विषयगत मन्त्रालय र निकायसँग कार्ययोजना माग गरी पठाइएको ।

## १०. आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कामको विवरण

क) विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८१ सम्प्रेषण गरिएको

ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन गरिएको

ग) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को एकिकृत वित्तीय विवरण तय गरिएको

घ) आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको बजेट तथा कार्यक्रमको वार्षिक मुल्यांकन कार्यक्रम अन्तर्गत वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको

ङ) कानून, कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण तथा संशोधन कार्यक्रम अन्तरगत बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०८१ प्रकाशन गरिएको ।

च) अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहहरुलाई पहिलो किस्ताको रकम निकासा भएको ।

छ) विषयगत मन्त्रालयका सचिव र महाशाखा प्रमुख बिच बजेट कार्यान्वयनको अवस्था, चुनौती, समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको ।

ज) आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व संकलन कार्यको अवस्था सम्बन्धी राजस्व संकलन गर्ने जिल्लास्थित कार्यालयहरु(मालपोत कार्यालय, यातायात, वन, पर्यटन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र) सँग अन्तरक्रिया सम्पन्न भएको ।

झ) अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी आयोजना, राजश्व संकलन गर्ने कार्यालय र प्रदेशका मुस्ताङ, लम्जुङ्ग, तनहुँ, गोरखा, बाग्लुङ्ग, पर्वत र स्याङ्गजा जिल्लाका आयोजनाहरुको अनुगमन गरिएको ।

ञ) सामयिक कर असुल सम्बन्धी विधेयक तर्जुमा गर्न मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको।

ट) मालपोत/भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्वन्धी मापदण्ड, २०८१ निर्माण गरिएको।

ठ) पेफा निर्देशक समितिको निर्णयानुसार गण्डकी प्रदेश सरकारको पेफा मूल्याङकन प्रतिवेदन मस्यौदा संघीय अर्थ मन्त्रालयमा पेश गरिएको ।

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुखः राजेन्द्रदेव पाण्डे, प्रदेश सचिव

सूचना अधिकारी : कल्पना देवी सापकोटा, व.राजस्व अधिकृत (आठौं )

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५

ख) प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

ग) प्रदेश आकस्मिक कोष ऐन, २०७५

घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

ङ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९

च) विनियोजन ऐन, २०८१

छ) आर्थिक ऐन, २०८१

ज) सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६

झ) कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका, २०७५

ञ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१

ट) खर्चको मापदण्ड, २०७९

ठ) बहुवर्षिय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७५

ड) बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०

ढ) स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### १३.१ प्रदेशको स्रोतको अवस्था

क) समग्र प्रदेशको स्रोतगत प्राप्ति

| क्र सं | शीर्षक | वार्षिक लक्ष्य | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|---|
| * | प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासन | ६,०५७,५९६,००० | १,८१६,०४२,४०८ | ३० |
| (क) | प्रदेश सरकारको आन्तरिक राजस्व | ५,१७०,०००,००० | १,४३९,९७२,०२३ | २७.८५ |
| (ख) | संघ सरकारबाट प्राप्त अनुदान | १३०८३६००००० | ५,०७६,२३८,००० | ३९ |
| १३३११ | समानीकरण अनुदान | ७,६३८,८००,००० | ३,८१९,४००,००० | ५० |
| १३३१२ | सशर्त अनुदान चालु | २,१५९,४००,००० | ४०४,२५०,००० | १९ |
| १३३२१ | सशर्त अनुदान पूँजी | १,४३९,९००,००० | २४३,५७३,००० | १७ |
| १३३१३ | विशेष अनुदान चालु | १३४,८००,००० | ४४,४८४,००० | ३३ |
| १३३२२ | विशेष अनुदान पूँजी | ५२०,७००,००० | १७१,८३१,००० | ३३ |
| १३३१४ | समपुरक अनुदान चालु | - | ३९२,७००,००० | - |
| १३३२३ | समपुरक अनुदान पूँजी | १,१९०,०००,००० | - | - |
| (ग) | संघ सरकारबाट प्राप्त राजस्व | ९,६११,२००,००० | ३,८०५,३६०,७७६ | ४० |
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ७,६८८,९६०,००० | २,८२९,१७१,३७६ | ३७ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क | १,९२२,२४०,००० | ९७६,१८९,४०० | ५१ |
| (घ) | नेपाल सरकारबाट प्राप्त रोयल्टी | ४८१,०००,००० | - | - |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ४३,१९०,००० | - | - |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४,८०९,००० | - | - |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०१,००० | - | - |

| | | | | |
|---|---|---|---|---|
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३८४,८००,००० | – | – |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ४८,१००,००० | – | – |
| (ङ) | जम्मा | २८,३४५,८००,००० | ९३८१३८९४३६ | |
| ३२१२१ | गत वर्षको नगद मौज्दात | २,९३२,७७५,००० | ११८९७११०१९ | ४१ |
| | राजस्व बाँडफाँट (-) | ८८७५९६००० | (३७६,०७०,३८५) | ४२ |
| | ऋण | १,७००,०००,००० | – | – |
| | आन्तरिक ऋण | १,७००,०००,००० | – | – |
| | नेपाल सरकारबाट प्राप्त हुने ऋण | – | – | – |
| | प्रदेश संञ्चित कोषमा दाखिला हुने | ३२,९७८,५७५,००० | ११,५११,२८१,८१८ | ३५ |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय,गण्डकी प्रदेश।

### ख) राजस्व परिचालनको अवस्था

| राजस्व शिर्षक नं | शिर्षक | वार्षिक लक्ष्य | प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| १११३६ | कृषि आयमा कर | ३४२,००० | – | – |
| ११३१५ | घर जग्गा लगायतको रजिष्ट्रेशन दस्तुर | १०१६३५९००० | २३७५६४२७२.४ | २३ |
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७६८८९६०००० | २८२९१७१३७६ | ३७ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | १९२२२४०००० | ९७६१८९४००.२ | ५१ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ७०००००० | – | – |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | २२७८००० | ३८५२२९ | १७ |
| ११४७९ | अन्य मनोरञ्जन कर | १९६००० | – | – |
| १३३११ | समानीकरण अनुदान | ७६३८८००००० | ३८१९४००००० | ५० |
| १३३१२ | सशर्त अनुदान चालु | २१५९४००००० | ४०४२५०००० | १९ |

| | | | | |
|---|---|---|---|---|
| १३३१३ | विशेष अनुदान चालु | १३४८००००० | ४४४८४००० | ३३ |
| १३३१४ | समपुरक अनुदान चालु | ० | ३९२७००००० | अनुमान नगरिएको |
| १३३२१ | सशर्त अनुदान पूँजीगत | १४३९९००००० | २४३५७३००० | १७ |
| १३३२२ | विशेष अनुदान पूँजी | ५२०७००००० | १७१८३१००० | ३३ |
| १३३२३ | समपुरक अनुदान पूँजी | ११९००००००० | - | - |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १६८००००० | १५००० | ० |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ४३१९०००० | - | - |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४८०९००० | - | - |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०१००० | - | - |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३८४८००००० | - | - |
| १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | २७२३०२००० | २२४३१७५३.०४ | ४७ |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ४८१००००० | - | - |
| १४१९१ | पर्यटन शुल्क | ७६००० | - | - |
| १४१९२ | पदयात्रा शुल्क | २००००० | ४३८२०० | २१९ |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | १०००००० | ५५६८७४ | ५६ |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | २५००००० | ८९५०१५ | ९० |
| १४२१३ | अन्य बिकीबाट प्राप्त रकम | १०००००० | ७११२५ | ७ |
| १४२१८ | विद्युत सेवा शुल्क | १०००० | - | - |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०००००० | - | - |
| १४२२१ | न्यायिक दस्तुर | | ५४०० | अनुमान नगरिएको |
| १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | १५००००० | ६८४६८० | ४६ |
| १४२२४ | परीक्षा शुल्क | १७०००००० | ४८७९४९३० | २९ |

| | | | | |
|---|---|---|---|---|
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | १५००००००० | ३२८२०६०० | २२ |
| १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | ४५००००००० | १४९४७२३७० | ३३ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १९००००००० | ३०५४८१९० | १६ |
| १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ८०००००००० | २४५२१४५७९ | ३१ |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ४००००० | - | - |
| १४२६४ | वन क्षेत्रको अन्य आय | २४२२००००० | २८३९३२६.४९ | १ |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १००००० | - | - |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ९८००००००० | १८८०७०८४ | १९ |
| १४३१३ | धरौटी सदरस्याहा | ३००००० | - | - |
| १४५२९ | अन्य राजस्व | ३३०००००० | १३३१३१३८ | ४० |
| १५१११ | बेरुजू | ३०५५००००० | ७१००८६७९.१ | २३ |
| १५११२ | निकासा फिर्ता | २८३००००० | - | - |
| १५११३ | अनुदान फिर्ता | ४८२४३००० | - | - |
| ३२१२१ | गत बर्षको नगद मौज्दात | २९३२७७५००० | ११८९७११०१९ | ४१ |
| **३३३४१** | **सवारी साधन कर** | २२१८९९०००० | ९४०१७५९६३ | ४२ |
| | **आन्तरिक ऋण** | १७००००००००० | | |
| | **सवारी साधन कर बाँडफाँट** | ८८७५९६००० | ३७६०७०३८५ | ४२ |
| | **कूल जम्मा** | ३२,९७८,५७५,००० | **११५११२८१८१८** | **३५** |

१३.२ बार्षिक बजेट र खर्च  विवरण

क. मन्त्रालयको बार्षिक बजेट र खर्च  विवरण:

रकम रु. हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १४१५९९ | २४०४५.९ | १६.९८ |
| २ | पुँजीगत | २९९०० | ३६७ | १.२२ |
|  | जम्मा | १७१४९९ | २४४१२ | १४.२३ |

१४.  तोकिए बमोजिमका अन्य विवरण

क. समग्र प्रदेशको बजेट विनियोजन र खर्च  विवरण ः

रकम रू. हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | १३१६०५८२ | ३०६३४०४.०० | २३.२८ |
| २. | पुँजीगत | १९५१७९९३ | ३३२१३३६.०० | १७.०२ |
| ३ | वित्तीय व्यवस्था | ३०००० | ० | ० |
|  | जम्मा | ३२९७८५७५ | ६३८४७४०.०० | १९.३६ |

ख .स्थानीय तहमा राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको विवरण:

रकम रू. हजारमा

| क्र.सं. | अनुदानको किसिम | विनियोजन | हस्तान्तरण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण अनुदान | ११६०००० | ५८०००० | ५० |
| २. | सशर्त अनुदान | २४५२२ | १५७०९ | ६४ |
| ३. | विशेष अनुदान | २७८००० | १४३००० | ५१ |
| ४. | समपूरक अनुदान | ५४८००० | २७४००० | ५० |
|  | जम्मा | २०१०५२२ | १०१२७०९ | ५०.३७ |
|  | सवारी साधन कर बाँडफाँट | ८८७५९६ | ३७६०७० | ४२ |

१५.  सार्वजनिक निकायको वेभसाइट

यस मन्त्रालयको वेभसाइट mof.gandaki.gov.np रहेको छ ।

## १६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामवाली

सबै सूचना खुला रहेको ।

## १७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन

माग भएको र उपलब्ध गराएको सूचनाको संख्या- यस अवधिमा ३ पटक

## १८. मन्त्रालयले गरेको प्रकाशनको विवरण

- ❖ विनियोजन विधेयक – २०८१को सिद्धान्त र प्राथमिकता
- ❖ आ.व. २०८१-८२ को व्यय अनुमानको विवरण
- ❖ आर्थिक वर्ष २०८१/८२, वार्षिक विकास कार्यक्रम
- ❖ गण्डकी प्रदेश आर्थिक ऐन,२०८१
- ❖ गण्डकी प्रदेश विनियोजन ऐन,२०८१
- ❖ मन्त्रालयगत प्रगति विवरण,२०८१
- ❖ आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य,
- ❖ प्रदेश आर्थिक सर्वेक्षण २०७९/८०

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट **mof.gandaki.gov.np** मा हेर्न सकिने छ ।